

छैटौं वार्षिक प्रतिवेदन

२०६८/०६९

KAMANA BIKASH BANK Ltd.

कामना विकास बैंक लि.

(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजत प्राप्त संस्था)

प्रोक्सी फाराम

श्री सञ्चालक समिति,
कामना विकास बैंक लिमिटेड,
लेखनाथ-७, कास्की ।

विषयः प्रतिनिधि नियुक्त गरेको बारे ।

महाशय,

..... जिल्ला ..... न.पा./गा.वि.स. वडा नं. ..... बस्ने म/हामी .... ले त्यस कामना विकास बैंक लिमिटेडको शेयरवालाको हैसियतले २०६९ साल मंसिर २९ गते शुक्रबारका दिन हुने छैटौं वार्षिक साधारण सभामा स्वयं उपस्थित भई छलफल तथा निर्णयमा सहभागी हुन नसक्ने भएकोले उक्त सभामा भाग लिनका लागि ..... जिल्ला .... न.पा./गा.वि.स. वडा नं. ..... बस्ने त्यस बैंकका शेयरधनी श्री ..... लाई मेरो/हाम्रो प्रतिनिधि नियुक्त गरी पठाएको छु/छौं ।

प्रोक्सी लिनेको सही : .....

निवेदक

दस्तखतः .....

नाम ..... मिति : .....

ठेगानाः .....

द्रष्टव्य : यो निवेदन साधारण सभा हुनुभन्दा कम्तिमा ४८ घण्टा अगावै बैंकको प्रधान कार्यालयमा पेश गरी सक्नुपर्नेछ ।

KAMANA BIKASH BANK Ltd.
कामना विकास बैंक लि.

प्रवेश-पत्र

शेयरधनीको नाम : .....

शेयर संख्या : .....

शेयरधनीको सही : .....

छैटौं वार्षिक साधारण सभामा उपस्थित हुन जारी गरिएको प्रवेश-पत्र

द्रष्टव्य :

१. शेयरधनी आफैले माथिका खाली ठाउँहरु भर्नुहोला ।
२. सभाकक्षमा प्रवेश गर्न यो प्रवेश-पत्र प्रस्तुत गर्न अनिवार्य छ ।

कामना विकास बैंक लिमिटेडको
छैटौं वार्षिक साधारणसभा सम्बन्धी सूचना

यस कामना विकास बैंकको मितिः २०६९।८।२ मा बसेको संचालक समितिको बैठकको निर्णय अनुसार यस विकास बैंकको छैटौं वार्षिक साधारण सभा निम्न मिति, समय र स्थानमा तपशिलका विषयहरुमा छलफल गरी निर्णय गर्न बस्ने भएको हुँदा सभामा उपस्थितिको लागि शेयरधनी महानुभावहरु समक्ष हार्दिक अनुरोध गर्दछु ।

सभा बस्ने मिति, समय र स्थान :

मिति : २०६९।०८।२९ गते, शुक्रबार (तदनुसार १४ डिसेम्वर, २०१२)

समय : बिहानको १०:०० बजे

स्थान : होटल पोखरा ग्राण्ड, पार्दी विरौटा, पोखरा

छलफलका विषयहरु :

(क) सामान्य प्रस्ताव :

१) आर्थिक वर्ष २०६८/६९ को संचालक समितिको प्रतिवेदन छलफल गरी पारित गर्ने ।

२) लेखापरिक्षकको प्रतिवेदन सहितको २०६९ आषाढ मसान्तको वासलात तथा आ.व. २०६८/६९ को नाफा नोक्सान हिसाब र सोही अवधिको नगद प्रवाह विवरण माथि छलफल गरि पारित गर्ने ।

३) लेखापरीक्षण समितिको सिफारिस बमोजिम आ.व.२०६९/०७० को लागि लेखा परीक्षकको नियुक्ति गर्ने र निजको पारिश्रमिक तोक्ने ।

४) संचालक समितिले प्रस्ताव गरे बमोजिम चुक्ता पूँजीको १५% को दरले रु. ३,००,००,०००।- नगद लाभांश वितरण गर्ने प्रस्ताव पारित गर्ने ।

५) संचालक डा. मुकुन्द प्रसाद आचार्यको राजीनामा पश्चात् रिक्त पदमा बाँकी अवधिका लागि संचालक पदमा नियुक्त हुनु भएका श्री रामकुमार पियाज्यूको नियुक्ति स्वीकृत/अनुमोदन गर्ने ।

(ख) विशेष प्रस्ताव :

१) संचालकहरुको भत्ता एवम् सुविधा परिमार्जन सम्बन्धमा छलफल गरी निर्णय गर्ने र सोही बमोजिम बैंकको नियमावलीमा आवश्यक संशोधन गर्ने ।

२) बैंकको प्रबन्धपत्र र नियमावलीमा आवश्यक संसोधन गरी अभिलेख गराउँदा आवश्यक थपघट, संसोधन वा परिमार्जन गर्नु परेमा सो सम्बन्धी अख्तियारी संचालक समितिलाई प्रदान गर्ने ।

(ग) विविध ।

संचालक समितिको आज्ञाले
कम्पनी सचिव

साधारण सभा सम्बन्धी सामान्य जानकारी :

(१) यस विकास बैंकको साधारणसभा प्रयोजनको लागि शेयर दाखिला खारेजको काम मिति २०६९।०८।१५ देखि २०६९।०८।२९ सम्म बन्द रहनेछ ।

(२) वार्षिक साधारणसभामा छलफल हुने विषयहरु सहितको सूचना शेयरधनी महानुभावहरुको ठेगानामा पठाईने छ । कुनै शेयरधनी महानुभावहरुले उक्त सूचना नपाउनु भएमा यसै सूचनाको आधारमा साधारणसभामा उपस्थिति हुन अनुरोध छ । छैठौं वार्षिक प्रतिवेदनको लागि बैंकको वेवसाईट www.kamanabank.com.np हेर्नुहुन वा बैंकको प्रधान कार्यालय लेखनाथ-७, कास्की वा ग्रोमोर मर्चेन्ट बैंकर लि. दरवारमार्ग काठमाण्डौमा सम्पर्क राख्नु हुन अनुरोध गरिन्छ ।

(३) शेयरधनी महानुभावहरुको उपस्थिति पुस्तिकामा दस्तखत गर्न शेयरधनी उपस्थिति पुस्तिका साधारण सभा हुने दिन बिहान ८:०० देखि १०:०० बजेसम्म खुल्ला गरिने छ । साधारण सभामा भाग लिन आउँदा शेयरधनी महानुभावहरुले प्रवेशपत्र अथवा शेयर प्रमाणपत्र अनिवार्य रुपमा ल्याउनु हुन अनुरोध छ ।

(४) प्रोक्सी फाराम (प्रतिनिधि नियुक्ती पत्र) सभा शुरु हुने भनी तोकिएको समय भन्दा कम्तीमा ४८ घन्टा अगावै बैंकको प्रधान कार्यालयमा कारोवार समयभित्र दर्ता गरी सक्नु पर्नेछ । त्यसरी प्रतिनिधि नियुक्त गरिसके पछि उक्त प्रतिनिधि बदर गरि अर्को प्रतिनिधि मुकरर गरी सभा शुरु हुने भनी तोकिएको समय भन्दा कम्तीमा ४८ घन्टा अगावै बैंकको प्रधान कार्यालयमा कारोवार समयभित्र दर्ता गरेमा वा आफू स्वयं : साधारण सभामा विधिवत् उपस्थित हुन आएमा त्यस्तो शेयरधनीले गरी दिएको अघिल्लो प्रोक्सी फाराम स्वत: बदर हुनेछ ।

(५) नावालक शेयरधनीको तर्फबाट संरक्षकको रुपमा नाम दर्ता भएको व्यक्तिले मात्र सभामा भाग लिन सकिने छ । आफू संरक्षक भएको शेयर वालाको बाहेक अरु शेयरधनीको प्रतिनिधि (प्रोक्सी) भै सभामा भाग लिन पाइने छैन ।

(६) छलफलका विषय मध्ये विविध शिर्षक अन्तर्गत प्रस्ताव भएमा छलफल गर्न इच्छुक शेयरधनी महानुभावहरुले सभा हुनु भन्दा ७ दिन अगावै छलफलको विषय संचालक समितिका अध्यक्षलाई लिखित रुपमा दिनुपर्नेछ ।

छैटौं वार्षिक साधारण सभामा संचालक समितिको तर्फबाट अध्यक्षद्धारा प्रस्तुत प्रतिवेदन

आदरणीय शेयरधनी महानुभावहरू,

कामना विकास बैंक लि. को छैटौं वार्षिक साधारण सभामा सहभागी हुन उपस्थित हुनु भएका सम्पूर्ण शेयरधनी महानुभावहरुमा संचालक समितिको तर्फबाट तथा मेरो व्यक्तिगत तर्फबाट हार्दिक स्वागत अभिवादन गर्दछु । यस अवसरमा यहाँहरु समक्ष संचालक समितिको तर्फबाट प्रतिवेदन, लेखा परीक्षकको प्रतिवेदनको साथै आर्थिक वर्ष २०६८/६९ को आर्थिक गतिविधि, वासलात, नाफा-नोक्सान हिसाव, नगदप्रवाह सम्बन्धी विवरणहरु अनुमोदनको लागि प्रस्तुत गर्दछु ।

अस्थिर राजनीति अवस्था, बढ्दो बैंकिङ्ग प्रतिस्पर्धा, आर्थिक मन्दी, उत्पादनशील लगानीका क्षेत्रहरुमा संकुचन कमी, रियल स्टेट व्यवसायमा देखिएको सुस्तताका बावजुद पनि गत आर्थिक वर्षमा बैंकले उल्लेखनीय प्रगति हाँसिल गर्न सफल भएको व्यहोरा यहाँहरु समक्ष अनुरोध गर्दछु ।

समिक्षा अवधिको वर्षको शुरुमा तरलताको अभाव देखिएता पनि बजेट समयमा नै आएका कारण सरकारी खर्चमा बृद्धि हुन गई तरलताको अवस्थामा सुधार भएकोले वर्षको मध्य सम्ममा आई पुग्दा अधिक तरलताको अवस्था रहन गयो । लगानीको अवसरहरुमा भएको कमी तथा अधिक तरलताको कारण निक्षेपको ब्याजदरमा गिरावट आयो । साथै ट्रेजरी विल तथा अन्तरबैंक दरमा समेत अत्याधिक ह्रास आई १ प्रतिशत भन्दा तल रहन गयो । बैंकसंग तरलता उच्च रहेको तथा अन्तरबैंक ब्याजदर न्यून भएका कारण बैंकको संचालन मुनाफामा समेत असर परेको छ ।

बैंकको यस विशिष्ट एवम् महत्वपूर्ण सभाले आर्थिक वर्ष २०६८/६९ को समग्र बैंकीङ्ग क्रियाकलापको समिक्षा गरी आगामी दिनहरुमा अपनाउनु पर्ने नीति, कार्यदिशा एवम् कार्यक्रमको बारेमा सारभूत मार्गदर्शन प्रदान गर्ने विश्वास लिएको छु ।

१) बैंकको कार्यसम्पादन समीक्षा (वित्तीय झलक) :

यस कामना विकास बैंकले आफ्नो संचालनको छोटो अवधिमा निक्षेप संकलन, कर्जा प्रवाह, शाखा विस्तार, बैंकिङ्ग सेवाहरुको विस्तार, एवम् रेमिटेन्स सेवामा उत्साहजनक उपलब्धि हासिल गर्न सफल भएको व्यहोरा सम्पूर्ण शेयरधनी महानुभावहरुलाई अवगत गराउन चाहन्छु । आर्थिक वर्ष २०६४/६५, २०६५/६६, २०६६/६७, २०६७/६८ र २०६८/६९ तथा आर्थिक वर्ष २०६९/७० को आश्विन मसान्तसम्म (प्रथम त्रैमासिक) को वित्तीय विवरण निम्नानुसार भएको अवगत गराउँदछु ।

(रु. हजारमा)

विवरण	आर्थिक वर्ष २०६४/६५	आर्थिक वर्ष २०६५/६६	आर्थिक वर्ष २०६६/६७	आर्थिक वर्ष २०६७/६८	आर्थिक वर्ष २०६८/६९	आर्थिक वर्ष २०६९/७० आश्विन मसान्त
कुल सम्पत्ति	२४३,२६१	७०९,५९८	१०,७९,८५७	१५,२६,१६६	१७,५६,७१०	१९,५९,७४१
चूक्ता पूँजी	२६,०००	५२,०००	१३०,०००	२००,०००	२००,०००	२००,०००
निक्षेप संकलन	१९१,८०५	५९८,४०४	९२१,१६७	१२,५१,१७५	१४,८२,८६४	१६,५५,३३१
कर्जा लगानी	१८१,०४५	५२८,,०२६	६१५,२५५	१०,०८,०५८	११,४५,२६१	१४,२१,७११
ब्याज आम्दानी	७,०६०	४१६७२	९२,३६२	१,६७,६५९	२,०८,७३५	५३,८३०
ब्याज खर्च	५,१५४	२७,२१७	५५,५३८	१,०४,२०९	१,३१,०५५	३५,७१७
कुल संचालन आम्दानी	९,२०३	४९,३३६	९९,६६०	१,८१,६८५	२,२२,६७०	६०,६८३
कुल संचालन खर्च	९,२४३	३७,४६२	७६,६३३	१३२,८९६	१,६६,२८९	४४,३८६
कर अगाडिको मुनाफा	(१,६६८)	८,१७३	२१,५५८	४३,६८५	५५,३३७	१२,७२४
खुद मुनाफा	(२,१७७)	५,९३१	१३,७९०	२७,८२९	३५,८७२	८,०९७

बैकले आर्थिक वर्ष २०६८/६९ मा ३ करोड ५८ लाख खुद मुनाफा आर्जन गर्न सफल भएको छ। जुन आर्थिक वर्ष २०६७/६८ को तुलनामा २९ प्रतिशतले बढी हुन आउँछ।



आर्थिक वर्ष २०६८/६९ मा बैंक तथा वित्तीय संस्थाहरुमा तरलताको अवस्थामा सुधार आएतापनि उद्योग धन्दा लगायत उत्पादनशील क्षेत्रहरुको अभाव तथा यस्ता क्षेत्रहरुमा लगानी गर्न लगानी कर्ताहरु देशको अस्थिर राजनैतिक अवस्थाका कारण उत्साहित नहुनु आदि कारणले कर्जा लगानी समेत सहज हुन नसकेको अवस्था छ। यस्ता विविध कठिनाइका बाबजुद पनि बैंकले आर्थिक वर्ष २०६८/६९ मा निक्षेप संकलन तथा कर्जा प्रवाहमा उल्लेख्य बृद्धि गरेको छ। बैंकले आर्थिक वर्ष २०६८/६९ मा १ अर्ब ४८ करोड २८ लाख निक्षेप संकलन गरी रु. १ अर्ब १४ करोड ५२ लाख कर्जा प्रवाह गरेको छ। आर्थिक वर्ष २०६७/६८ को तुलनामा आर्थिक वर्ष २०६८/६९ मा निक्षेपमा १८.५२% र कर्जामा १३.६१% ले बृद्धि भएको छ। त्यस्तै २०६९ आश्विन मसान्तमा १ अर्ब ६५ करोड ५३ लाख निक्षेप संकलन र १ अर्ब ४२ करोड १७ लाख कर्जा लगानी गर्न बैंक सफल भएको छ।



निक्षेप तथा कर्जाको तुलनात्मक अध्ययन



आ.व. २०६८/०६९ को आषाढ मसान्तको कर्जाको प्रकृति



२) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिस्थितिवाट बैंकको कारोवारमा परेको असर :

मुलुकको आर्थिक समुन्नतिको लागि राजनैतिक स्थिरता आधारभूत एवम् अपरिहार्य पक्ष हो । यस वर्ष पनि देशमा राजनैतिक अस्थिरता एवम् अन्यौलता कायमै रह्यो । जसको कारण समग्र मुलुकको अर्थ व्यवस्थाले सही बाटो लिन सकेको छैन ।

आर्थिक वर्ष २०६८।६९ मा कुल ग्रार्हस्थ उत्पादन बृद्धिदर विगत ३ वर्ष यताकै उच्च रही आधारभुत मूल्य र उत्पादकको मूल्य दुवैमा ४.६ प्रतिशत रह्यो । अघिल्लो वर्ष यस्तो बृद्धिदर आधारभूत मूल्यमा ३.८ प्रतिशत र उत्पादकको मूल्यमा ३.९ प्रतिशत रहेको थियो । आर्थिक वर्ष २०६७।६८ मा वार्षिक औषत उपभोक्ता मुद्रास्फीति दर ९.६ प्रतिशत रहेकोमा आर्थिक वर्ष २०६८।६९ मा वार्षिक औषत उपभोक्ता मुद्रास्फीति दर ८.३ प्रतिशत रह्यो । आ.व. २०६८।६९ मा निर्यात १७.८ प्रतिशत र आयात १४.५ प्रतिशतले बढेको थियो । निर्यातको तुलनामा आयात बृद्धि उच्च रहन गएकोले निर्यात आयात अनुपात १८.५ प्रतिशतबाट घटेर १५.२ प्रतिशत रहेको छ । आर्थिक वर्ष २०६४।६५ मा ५.८ प्रतिशत पुगेको आर्थिक बृद्धिदर त्यसपछिका वर्षहरुमा भने ४ प्रतिशतको हाराहारीमा मात्र सीमित रह्यो । यस अवधिमा क्षेत्रगत बृद्धि पनि उत्साहजनक रहेन । पछिल्ला वर्षहरुमा उद्योग क्षे त्रको बृद्धिदर घट्दै गएको र सेवा क्षेत्रको बृद्धिदर बढ्दै गएको छ ।

हवाई मार्गबाट नेपाल आउने पर्यटकको संख्या १९.३ प्रतिशतले बृद्धि भएको छ । अघिल्लो वर्षको सोही अवधिमा पर्यटकको संख्या २१.१ प्रतिशतले बृद्धि भएको थियो । पर्यटक आगमनमा निरन्तर बृद्धि भएकोले होटल तथा रेष्टुरेण्ट क्षेत्रको उत्पादन ८.३ प्रतिशतले बढेको अनुमान छ । अघिल्लो वर्ष सो क्षेत्रको बृद्धिदर ७.४ प्रतिशत रहेको थियो ।

धितोपत्र बजारको स्थिति मापन गर्ने परिसूचक २०६८ आषाढ मसान्तमा ३६२.९ रहेकोमा २०६९ आषाढ मसान्तमा ३८९.७ पुगे को छ भने नेप्से सुचकांङ्कमा क्रमिक सुधार आई ५०० विन्दुको हाराहारीमा छ ।

सन् २०१० को तुलनामा सन् २०११ मा विश्वको आर्थिक बृद्धि दरमा कमी आएको छ । अन्तराष्ट्रिय मुद्राकोषले सन् २०१२ को अप्रिलमा प्रकाशित गरेको विश्व आर्थिक परिदृश्य (World Economic Outlook) का अनुसार सन् २०१० मा विश्व उत्पादन ५.३ प्रतिशतले बढेकोमा सन् २०११ मा ३.९ प्रतिशतले मात्र बढेको देखिन्छ । विश्व अर्थतन्त्रमा अपेक्षित सुधार नआइसकेको, यूरो पको ऋण संकट, जापानको प्राकृतिक प्रकोप, विश्वका उदियमान अर्थतन्त्रहरुको आर्थिक बृद्धिदरमा आएको शुन्यता, पेट्रोलियम पदार्थको अन्तर्राष्ट्रिय मूल्यमा भएको बृद्धि तथा युरोपको घरजग्गा व्यवसायमा कायमै रहेको मन्दी यस वर्ष समेत कायम रहनु जस्ता कारणले गर्दा आगामी वर्ष पनि विश्व उत्पादनको बृद्धि दर कम नै रहने प्रक्षेपण गरिएको छ । सन् २०११ मा बहुमुल्य धातुको मूल्यमा भएको बृद्धिले आयातीत वस्तु तथा सेवामा निर्भर रहने मुलुकहरुको मुद्रास्फितिमा चाप पर्न गएको छ । अन्तर ाष्ट्रिय मुद्राकोषले यस्तो मुद्रास्फिति आगामी वर्षहरुमा घट्दै जाने प्रक्षेपण गरेको छ ।

विकसित र औद्योगिक मुलुकहरुको कुल यथार्थ गार्हस्थ मागमा भएको ह्रासले विश्वको अर्थतन्त्र अझै पनि सकारात्मकता तिर नगइरहेको इंगित गर्दछ । सन् २००७-०९ को विश्वव्यापी मन्दी पछि विकसित र औद्योगिक मुलुकहरुको उत्पादन र रोजगार ामा कमी आएकोले कुल यथार्थ ग्राहस्थ मागको बृद्धिदरमा समेत कमी आएको छ ।

(३) चालु आर्थिक वर्ष २०६८।६९ का उपलब्धीहरु तथा भावी कार्यक्रम :

बैंकले संजाल एवम् बैंकिङ्ग सेवाहरु विस्तार गर्दै जाने योजनाका साथ अगाडि बढ्दै जाने क्रममा अघिल्ला वर्षहरुमा कास्की, तनहुँ र चितवनका विभिन्न स्थानहरुमा ६ वटा शाखाहरु विस्तार गरी सकेकोमा आ.व. २०६८।०६९ मा विरेन्द्रनगर-३, खुरखुरे चितवनमा शाखा विस्तार गरेको छ । यस शाखाबाट विशेष गरी ग्रामीण एवम् कृषिमा आधारित सर्वसाधारणहरुमा सर्वसुलभ रुपमा आधुनिक बैकिङ्ग सेवा उपलब्ध भई रहेको छ । त्यस्तै यसै आर्थिक वर्षको आश्विन ३० गतेबाट पुर्कोट-५, बाइसजाँगर, तनहुँमा एक्सटेन्सन काउण्टर स्थापना गरी निक्षेप एवम् विप्रेशणको कारोवार भई रहेको जानकारी गराउन चाहन्छु ।

बैंकको चौथो वार्षिक साधारण सभाबाट पारित गरि नेपाल राष्ट्र बैंकमा निवेदन गरे बमोजिम मिति २०६९ मंसिर १४ गते यस बैंकलाई १० जिल्ला कार्यक्षेत्र विस्तार गर्ने इजाजत प्राप्त भएको छ । बैंकको कार्यक्षेत्र विगतको ३ जिल्ला कास्की, तनहुँ र चितवन रहेकोमा जिल्ला जोडिएका थप ७ जिल्लाहरु स्याङ्गजा, लमजुङ्ग, धादिङ्ग, मकवानपुर, पर्सा, नवलपरासी, रुपन्देही गरी

जम्मा १० जिल्ला कायम भएको छ। कार्यक्षेत्र विस्तारले थप संजाल विस्तार गरी आगामी दिनमा अझ बढी प्रतिस्पर्धी र गुणस्तरीय सेवा प्रदान गर्न बैंक सक्षम रहने कुरामा विश्वास लिएको छु। कार्यक्षेत्र विस्तारको क्रममा नेपाल राष्ट्र बैंक लगायत अन्य नियमनकारी निकायबाट प्राप्त सहयोग एवम् सदभावका लागि हार्दिक धन्यवाद दिन चाहन्छु। कार्यक्षेत्र विस्तारको सन्दर्भमा तयार पारिएको व्यवसायिक रणनीति बमोजिम पहिलो वर्ष नवलपरासी, रुपन्देही, लम्जुङ्ग र धादिङ्गमा १/१ वटा शाखा स्थापना गरिने तथा दोश्रो र तेश्रो वर्षमा बाँकी जिल्लाहरुमा पनि कम्तीमा १/१ वटा शाखा विस्तार गरी बैंकको संजाल सहरी एवम् बैंकिङ्ग पहुँच नपुगेका ग्रामीण क्षेत्रहरुमा विस्तार गरिने लक्ष्य रहेको छ।

बैंकको गत वार्षिक साधारण सभाबाट पारित भए बमोजिम बैंकको प्रधान कार्यालय पोखरा-८, सृजनाचोकमा सार्नको लागि नेपाल राष्ट्र बैंकबाट प्रारम्भिक सहमति प्राप्त भई निर्माण कार्य अन्तिम चरणमा पुगी सकेकोले यही पौष महिना भित्र पोखरा-८, सृजनाचोकमा प्रधान कार्यालय सारी सकिने शेयरधनी महानुभावहरुसंग अनुरोध गर्दछु।

देशको कुल ग्रार्हस्थ उत्पादनको महत्वपूर्ण हिस्सा ओगटेको वैदेशिक रोजगारबाट प्राप्त हुने आम्दानीलाई विश्वका सबै ठाउँहरुबाट छिटो छरितो र सरल रुपमा प्राप्त गर्ने व्यवस्था गरिएको छ। देशभित्र एक ठाँउबाट अर्को ठाउँमा रकम पठाउन समेत विभिन्न रेमिटेन्स एवम् बैंकहरुसंगको सहकार्यमा सेवा प्रदान गर्दै आइरहेको जानकारी गराउँदछौं। यो सेवालाई आगामी दिनमा अझ सहज एवम् प्रभावकारी बनाइने छ।

देशको बढ्दो आधुनिक बैंकिङ्ग सेवाको मागलाई लक्षित गरी बैंकले आफ्ना ग्राहकहरुलाई पुऱ्याउने सेवामा विशिष्टिकरण गर्दै लाने योजना अनुरुप ATM , SMS Banking, लकर सुविधा, सार्वजनिक विदाका दिनमा बैंकिङ्ग सेवा, सन्ध्याकालिन काउण्टर जस्ता सुविधाहरु उपलब्ध गराउँदै आएको छ। ग्राहकहरुको मागलाई मध्यनजर गर्दै Internet Banking लगायत अन्य सेवाहरु थप गर्ने योजना रहेको छ। कर्जा लगानी तथा निक्षेप संकलन कार्यलाई प्रभावकारी बनाउन उत्पादनशील क्षेत्र एवम् मझौला उद्यमी एवम् व्यवसायीलाई उपयुक्त हुने कर्जा योजनाका साथसाथै साना साना निक्षेपलाई आकर्षक प्रतिफल दिने खालका नयाँ नयाँ निक्षेप योजनाहरु संचालनमा ल्याइनेछ।

हालको बैंकिङ्ग परिदृष्य हेर्दा बैंक तथा वित्तीय संस्थाहरु बिचको कडा प्रतिस्पर्धा, बैंक तथा वित्तीय संस्थाहरुको संख्यात्मक बृद्धि, कार्यक्षेत्र संकुचितताको कारण कारोवार बढाउन असजिलो परिस्थितिको सृजना, सानो पूँजीमा काम गर्दा ठूला परियोजनाहरुमा लगानी गर्न नसक्ने अवस्था आदि कारणहरुले गर्दा बैंकको पूँजी बढाउनु पर्ने तथा कार्यक्षेत्र विस्तार गर्न आवश्यक देखिन्छ। नेपाल राष्ट्र बैंकले विभिन्न सहुलियतका साथ मर्जरलाई प्रोत्साहन गरेकोले बैंकको पूँजी बृद्धि एवम् संजाल विस्तारको लागि मर्जर आवश्यक ठानी राष्ट्रिय स्तरको विकास बैंकको रुपमा कारोवार गर्न सकिने गरी उपयुक्त बैंक तथा वित्तीय संस्थाहरुको खोजी कार्य भईरहेको र केही संस्थाहरुसंग छलफल समेत गरिसकिएको छ। बैंक तथा वित्तीय संस्थाहरुसंग गाभ्ने/गाभिने (Merger) प्रक्रिया अगाडि बढेमा सोही अनुरुप शेयरधनी महानुभावहरुलाई आवश्यक जानकारी गराइने छ।

नेपाल राष्ट्र बैंकको समासोधन गृह (Clearing House) को सदस्यता लिई यस बैंकका तथा अन्य बैंकका चेकहरु समासोधन गृह मार्फत क्लियरिङ्ग गर्न सकिने सुविधा आफ्ना ग्राहकहरुलाई प्रदान गरिरहेको छ। नेपाल राष्ट्र बैंकले निजी क्षेत्रसंगको सहकार्यमा संचालन गरेको E-Clearing को सदस्यताको लागि प्रक्रिया अगाडि बढेको छ। E-Clearing को सुविधा पछि ग्राहकहरुले अझ प्रभावकारी सेवा प्राप्त गर्नेछन्। काठमाण्डौ लगायत अन्य शहरहरुबाट समेत यस बैंकको चेक भुक्तानीको लागि Citizens Bank International Limited र Reliable Finance Limited संग सम्झौता गरी यी संस्थाहरुका सबै शाखाहरुबाट यस बैंकको चेक भुक्तानीको व्यवस्था मिलाइएको छ।

४) व्यवसायिक सम्बन्ध विस्तार :

बैंकले आफ्नो बैंकिङ्ग व्यवसायसंग प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा सम्बन्ध राख्ने सम्पूर्ण औद्योगिक प्रतिष्ठान, व्यापारिक संस्था, सरकारी तथा गैर सरकारी संस्था, शैक्षिक संस्था, सहकारी संस्था, संचार क्षेत्र तथा अन्य संघ संस्थाहरुसंग सौहार्दपूर्ण एवम् व्यवसायिक सम्बन्ध कायम गर्दै आएको छ। अन्य बैंक वित्तीय संस्थाहरुसंग पनि यस बैंकको मित्रवत सम्बन्ध कायम रहेको छ। वित्तीय संस्थाहरु बीच व्यवसायिक प्रतिस्पर्धामा स्वच्छता अभिबृद्धि गर्न बैंक सदैव प्रयत्नशील रहेको छ।

५) सामाजिक उत्तरदायित्व :

बैकले विभिन्न सामाजिक क्रियाकलापहरुमा संलग्न रही सामाजिक उत्तरदायित्व समेत वहन गर्दै आएको छ । बैंकले लेखनाथका सर्वसाधारणहरुले सर्वसुलभ शुल्कमा विभिन्न सेवाहरु लिइरहेको लेखनाथ सामुदायिक लायन्स अस्पतालमा प्रवेशद्वार निर्माण गरे को छ । त्यस्तै तेश्रो वार्षिक उत्सवको पूनित अवसरमा पोखरा-३, नदिपुरमा अवस्थित लक्ष्मी नारायण मन्दिर परिसरमा विवाह मण्डप निर्माण गरेको छ । त्यस्तै लेखनाथ-१३, तल्लो गगनगौंडामा अवस्थित राधाकृष्ण बृद्धाश्रममा रहनुभएका बृद्धबृद्धालाई पटक पटक विभिन्न उपभोग्य सामाग्री, खाद्यान्न तथा लत्ता कपडाहरु वितरण गरेको छ । त्यस्तै पोखरा विश्वविद्यालयमा BBA अध्ययनरत विद्यार्थीहरुलाई वार्षिक रुपमा छात्रवृत्तिको व्यवस्था गरेको छ भने विभिन्न सामुदायिक विद्यालयहरुमा वार्षिक छात्रवृत्तिको समेत व्यवस्था गरिएको छ । आगामी दिनमा समेत शिक्षा, स्वास्थ्य एवम् वातावरण सम्बन्धी अन्य सामाजिक कार्यहरुमा समेत बैंकको सहभागितालाई निरन्तरता दिइनेछ ।

६) मानव संसाधन :

कर्मचारीहरुको कार्य कुशलताबाट नै बैंकले सफलता हासिल गर्ने हुनाले कर्मचारी भर्ना गर्दा कर्मचारीको योग्यता, दक्षता एवम् अनुभवका आधारमा छनौट गरिन्छ । त्यस्तै कर्मचारीहरुको मनोवल उच्च राख्न समय समयमा तलब र सुविधा पुनरावलोकन गर्ने, उत्कृष्ट कर्मचारीहरुलाई बढुवा तथा प्रोत्साहन ग्रेड थप गर्ने, कर्मचारीहरुलाई क्षमता बृद्धिको लागि विभिन्न तालिम, गो ष्ठि र सेमिनार गर्दै आएको छ । व्यवस्थापन र कर्मचारी बिच नियमित संचारको लागि कर्मचारीहरुको तथा उच्च व्यवस्थापन तहको बैठक बस्ने, भावी कार्यक्रम एवम् रणनीति तथा हासिल गरेका उपलब्धीहरुका बारेमा सामुहिक छलफल गरी निर्णय प्रक्रियामा कर्मचारीहरुलाई सहभागी बनाउने गरिएको छ । बैंकमा २०६९ साल आषाढ मसान्तसम्ममा जम्मा ४९ जना कर्मचार ीहरु कार्यरत छन् ।

७) संस्थागत सुशासन :

सर्वसाधारण निक्षेपकर्ताहरुको निक्षेपको सुरक्षा तथा लगानीकर्ताहरुको लगानीको उच्च प्रतिफलका लागि संस्थागत सुशासन र ाम्रो हुन आवश्यक छ । बैंकले नियामक निकायहरुको निर्देशन पालना एवम् बैंकका नीतिहरुको पूर्ण पालनाको लागि प्रतिवद्ध रहे को छ । आन्तरिक लेखा परीक्षकबाट त्रैमासिक रुपमा सम्पूर्ण आर्थिक गतिविधिहरुको अध्ययन गरी तयार पारेको लेखा परीक्षण प्रतिवेदन उपर आन्तरिक लेखा परीक्षण समितिले छलफल गर्दछ । उक्त प्रतिवेदनमा औंल्याएका कैफियतहरु सुधारको लागि व्यवस्थापन सदैव सजग रहेको छ । बैंकले संचालन गरेका कार्यक्रमहरु परदर्शी एवम् नियम संगत छन् । बैंकले तयार गरेका वित्तीय विवरणहरु नेपाल लेखामान (Nepal Accounting Standard), लेखा सम्बन्धी सर्वमान्य सिद्धान्त र नेपाल राष्ट्र बैंकको निर्देशन अनुसार छन् ।

८) संचालक समितिमा हेरफेर :

कार्य व्यस्तताका कारण सर्वसाधारण शेयरधनीको प्रतिनिधित्व गर्ने संचालक श्री डा. मुकुन्द प्रसाद आचार्यले पदबाट राजीनामा दिनुभएकोले सो रिक्त पदमा संचालक समितिको मिति २०६८/१०/०९ को बैठकबाट निर्णय भए बमोजिम श्री राम कुमार पियालाई संचालकमा मनोनित गरिएको छ ।

९) बैंकको कारोवारमा असर पार्ने मूख्य कुराहरु :-

बैंकिङ्ग सेवाको विस्तारबाट नै प्राथमिकता प्राप्त क्षेत्र र विपन्न वर्गको उत्थानमा समेत आवश्यक सहयोग पुगिरहेको छ भने आधुनिक बैंकिङ्ग सेवाबाट कार्य प्रणालीमा थप सहजता प्रदान गरेको छ । अर्थतन्त्रमा अनावश्यक नियन्त्रण हटाएकै कारण बै किङ्ग क्षेत्रको प्रवर्दनमा योगदान पुगेको हो । पछिल्लो दशकमा अन्य क्षेत्रको तुलनामा वित्तीय संस्थाहरुको बृद्धिले वित्तीय बजार को अवस्था बलियो देखिएतापनि विभिन्न कुराहरुले वित्तीय बजारलाई प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा असर पारि रहेका हुन्छन् ।

बैंकको कारोवारलाई असर पार्ने विभिन्न किसिमका जोखिमहरु निम्नानुसार रहेका छन् ।

- राजनैतिक अस्थिरताको कारण देशको समग्र आर्थिक वातावरणमा पार्न सक्ने असरहरु ।
- बेला बेलामा देखा पर्ने तरलताको समस्या तथा तरलताको बृद्धिले उत्पन्न हुन सक्ने जोखिमहरु ।
- कर्जा तथा लगानीका क्षेत्रहरुमा भएको संकुचनबाट उत्पन्न हुने जोखिमहरु ।

- कर्जा असुली समयमा हुन नसकी उत्पन्न हुने जोखिमहरु ।
- बैक तथा वित्तीय संस्थाहरुको संख्यात्मक बृद्धिका कारण देखा परेको अस्वस्थ प्रतिस्पर्धाबाट उत्पन्न हुने जोखिमहरु ।
- निक्षेपको ब्याजदरमा न्यून हुँदा पूँजी पलायनको सम्भावना ।
- सीमित भौगोलिक कार्यक्षेत्र र शाखा संजालको अपर्याप्तता ।
- अन्तर्राष्ट्रिय बजारमा आउन सक्ने मन्दी तथा आर्थिक उतारचढावले नेपाली बजारमा पार्न सक्ने असरहरु ।
- दक्ष एवम् योग्य मानव संसाधनको अभाव तथा पलायनबाट पर्न सक्ने असरहरु ।
- पूँजी बजारमा आउन सक्ने उतारचढावबाट पर्न सक्ने असरहरु ।

१०) लेखा परीक्षण प्रतिवेदनमा कुनै उल्लेखनीय कैफियत भए सो को प्रतिक्रिया :

नियमित कारोवारमा हुने सामान्य कैफियत बाहेक अरु कुनै नकारात्मक कैफियत लेखा परीक्षण प्रतिवेदनमा देखिएको छैन । प्राप्त कैफियत तथा सुझावहरुप्रति संचालक समितिले छलफल गरी सुधारको लागि आवश्यक व्यवस्था मिलाइएको छ ।

११) लाभाँश बाँढफाँड गर्न सिफारिस गरिएको रकम :

आ.ब. २०६८/६९ सम्म संचित मुनाफाबाट चुक्ता पूँजीको १५ प्रतिशतका दरले रु ३०,०००,०००।- (तीन करोड) नगद लाभांश वितरणको लागि सिफारिस गरिएको छ ।

१२) जफत गरिएको शेयर संख्या :

समिक्षा वर्षमा कुनै पनि शेयर जफत गरिएको छैन ।

१३) बैंक र यसका सहायक कम्पनीले विगत आर्थिक वर्षमा गरेको प्रगति :

बैंकको कुनै पनि सहायक कम्पनी छैन ।

१४) बैंकका मुल शेयरधनीहरुले समिक्षा अवधिमा बैंकलाई दिएको जानकारी :

केही नभएको ।

१५) विगत आर्थिक वर्षमा बैंकका संचालक तथा पदाधिकारीहरुले लिएको शेयर स्वामित्व विवरण :

केही नभएको ।

१६) बैंकसँग सम्बन्धित संभौताहरुमा कुनै सँचालक तथा निजका आफन्तको व्यक्तिगत स्वार्थ सम्बन्धी जानकारी :

केही नभएको ।

१७) पुन : खरीद गरिएको शेयरहरुको विवरण :

समिक्षा अवधिमा शेयरहरुको पुनः खरिद कार्य भएन ।

१८) आन्तरिक नियन्त्रण व्यवस्था :

बैंकले आन्तरिक नियन्त्रण प्रणालीलाई उच्च प्राथमिकतामा राखी सोही अनुरुप व्यवस्था मिलाइएको छ । आन्तरिक लेखा परीक्षण कार्यलाई प्रभावकारी वनाउन २०६८/६९ को लागि नेमलाल अमात्य, एन अमात्य एण्ड कम्पनीलाई आन्तरिक लेखा परीक्षक नियुक्त गरी त्रैमासिक रुपमा लेखा परीक्षण गर्ने गरेको जानकारी गराउँदछु । आन्तरिक लेखा परीक्षक एवम् वाह्य लेखा परीक्षण समिति र संचालक समितिमा छलफल गरी औल्याएका कैफियतहरु सुधार गर्न व्यवस्थापनलाई आवश्यक निर्देशन दिने गरिएको छ । यस्ता कैफियतहरु सुधार गरी बैंकलाई चुस्त वनाउन व्यवस्थापन सदैव सचेत र सजग रहेको छ । बैंकले आन्तरिक लेखा परीक्षण विभाग खडा गरि सो विभागको प्रमुखको रुपमा चार्टड एकाउन्टेण्ट नियुक्त गरि सकेको छ । जसले गर्दा आन्तरिक नियन्त्रण एवम् नियमनकारी निकायको निर्देशन, नीति, विनियमहरुको पालना अझ बढी प्रभावकारी हुनेछ ।

१९) कुल व्यवस्थापन खर्च :

कर्मचारी खर्च	१२,९८७,७६६।६९
संचालन खर्च	२२,२४६,०८८।४८
कुल खर्च	३५,२३३,८५५।१७

२०) लेखापरिक्षण समितिका पदाधिकारीको नाम, काम, कर्तव्य र सुविधा :

नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम आन्तरिक नियन्त्रण प्रणालीलाई चुस्त दुरुस्त राख्न निम्नानुसारको लेखा परीक्षण समिति गठन गरी कार्य गर्दै आईरहेको जानकारी गराउँदछौं ।

संयोजक	श्री एकराज जमरकट्टेल
सदस्य	श्री देवकृष्ण काफ्ले
सदस्य	श्री रामकाजी श्रेष्ठ
सदस्य सचिव	श्री विकाश ढुंगाना

लेखापरीक्षण समितिले बैंकको वित्तीय स्थिति, आन्तरिक नियन्त्रण, विभिन्न जोखिम एवम् चुनौतिहरुको अध्ययन एवम् व्यवस्थापन, नियमित कार्य सम्पादन आदिको बारेमा नियमित समिक्षा गर्दछ । आन्तरिक तथा बाह्य लेखा परीक्षकको प्रतिवेदन तथा सो प्रतिवेदनमा औंल्याइएका कैफियतहरु माथि छलफल गरी संचालक समितिमा सुझाव पेश गर्नुका साथै आवश्यक सुधारको लागि आवश्यक निर्देशन दिदै आएको छ । संचालक समितिको निर्णयअनुसार लेखा परीक्षण समिति लगायत अन्य समितिका सदस्यहरुलाई प्रति बैठक भत्ता रु २,०००।- बैठक भत्ता दिने व्यवस्था गरेको छ ।

२१) संचालक, कार्यकारी प्रमुख, बैंकका आधारभुत शेयरधनी वा निजका आफन्तले बैंकलाई बुझाउन बाँकी रकम :

केही नभएको ।

२२) संचालक, कार्यकारी प्रमुख तथा पदाधिकारीहरुलाई भुक्तानी गरिएको पारिश्रमिक भत्ता तथा सुविधाको विवरण :

संचालकहरु :

१) श्री चतुराखर अधिकारी	अध्यक्ष
२) श्री एकराज जमरकट्टेल	संचालक
३) श्री खेमनाथ भट्टराई	संचालक
४) श्री रिब बहादुर थापा	संचालक
५) श्री देवकृष्ण काफ्ले	संचालक
६) श्री रामकाजी श्रेष्ठ	संचालक
७) श्री देवान गुरुङ्ग	संचालक
८) श्री रामकुमार पिया	संचालक

संचालक समितिको बैठकमा उपस्थित हुँदाको बैठक भत्ता नियमावलीमा उल्लेख भए बमोजिम अध्यक्ष एवम् संचालकहरुलाई क्रमशः प्रति बैठक भत्ता रु ३,०००।-, रु २,५००।- दिने गरिएको छ। आर्थिक वर्ष २०६८।६९ मा बैठक भत्ता स्वरुप संचालकहरुलाई रु. ३,०१,०००/- भुक्तानी गरिएको छ । यस बाहेक संचालकहरुलाई अरु कुनै सुविधा प्रदान गरिएको छैन । त्यस्तै आर्थिक वर्ष वर्ष २०६८।६९ मा प्रमुख कार्यकारी अधिकृतलाई कुल वार्षिक तलब भत्ता रु.११,७१,०००/- भुक्तानी गरिएको छ । मासिक रु १,०००।- का दरले मोवाइल खर्च भुक्तानी गर्ने गरिएको छ भने दुर्घटना विमा, औषधि उपचार बिमा बैंकको कर्मचारी विनियमावलीमा उल्लेख गरिए बमोजिम प्रदान गरिएको छ। प्रमुख कार्यकारी अधिकृतको पारिश्रमिक समेत व्यवस्थापनका अन्य कर्मचारीको पारिश्रमिक र सुविधा गरी समीक्षा वर्षमा जम्मा रु.२८,६३,०००/- खर्च भएको जानकारी गराउँदछौं ।

२३) शेयरधनीहरुले बुझ्किलिन बाँकी रहेको लाभाँश :

बैकको पाँचौं वार्षिक साधारणसभाबाट पारित भए बमोजिम शेयरधनीहरुले बुझ्किलिन बाँकी रहेको लाभांश रु. ३,४३,१४०।- रहेको छ ।

२४) पूँजीको पर्याप्तता :

नेपाल राष्ट्र बैंकको निर्देशन अनुसार प्राथमिक पूँजी अनुपात ५.५% र पूँजीकोष अनुपात ११ प्रतिशत हुनुपर्ने व्यवस्था रहेको छ । आर्थिक वर्ष २०६८।६९ मा प्राथमिक पूँजी अनुपात १६.३६% र पूँजीकोष अनुपात १७.३५ कायम रहेको छ । यसरी २०६९ आषाढ मसान्तमा नेपाल राष्ट्र बैंकको न्यूनतमा मापदण्ड भन्दा प्राथमिक पूँजी अनुपात र पूँजीकोष अनुपात क्रमश : १०.८६ र ६.३५% ले बढी रही पूँजी पर्याप्तता र बैंकको वित्तीय स्थिति मजबुत रहेको छ ।

२५) कृतज्ञता ज्ञापन :

कामना विकास बैंकले संचालनको छोटो अवधिमा कार्य क्षेत्र विस्तारका साथसाथै आर्थिक गतिविधिहरुमा उल्लेख्य प्रगति हाँसिल गरेको छ । बैंकको प्रगतिमा प्रत्यक्ष रुपमा योगदान पुऱ्याउनु हुने सम्पूर्ण निक्षेपकर्ता, सेवाग्राही, सहयोगी, संस्थापक तथा सर्वसाधारण शेयरधनी महानुभावहरु तथा बैंकको व्यवस्थापनमा लगनशील भई योगदान पुऱ्याउनुहुने सम्पूर्ण कर्मचारीहरुप्रति हार्दिक आभार व्यक्त गर्दछु । बैंकले आगामी दिनमा अझ बढी सफलता हासिल गर्नमा सम्पूर्ण शेयरधनी, शुभचिन्तक, कर्मचारीहरुको मेहनत एवम् प्रतिवद्धता सदैव कायम रही रहनेछ भन्ने कुरामा म पूर्ण विश्वस्त छु । बैंकका विभिन्न गतिविधिहरुको अध्ययनका साथै बैंकलाई आफ्नो अमूल्य सुझाव उपलब्ध गराई उचित मार्गदर्शन प्रदान गर्ने लेखापरीक्षण समिति, जोखिम व्यवस्थापन समिति, कर्मचारी व्यवस्था तथा सेवा सुविधा समिति लगायत अन्य समितिका साथै आन्तरिक लेखा परिक्षक एन अमात्य एण्ड कम्पनीप्रति हार्दिक धन्यवाद प्रकट गर्दछु । समयमै बैंकको लेखा परीक्षण कार्य सम्पन्न गरी महत्वपूर्ण सुझावहरु प्रदान गर्नुभएकोमा बाह्य लेखा परीक्षक सुजन काफ्ले एण्ड एसोसियट्सलाई धन्यवाद दिन चाहन्छु । साथै नियमनकारी संस्थाहरु नेपाल राष्ट्र बैंक, नेपाल सरकारका विभिन्न निकायहरु, कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल धितोपत्र बोर्ड, नेपाल स्टक एक्सचेन्ज लिमिटेड, ग्रोमोर मर्चेन्ट बैंकर लिमिटेड का साथै अन्य संघ संस्थाहरुले पुऱ्याउनुभएको सहयोगप्रति आभार व्यक्त गर्दछु । धन्यवाद !

चतुराखर अधिकारी
अध्यक्ष

धितोपत्र दर्ता तथा निष्काशन निमावली २०६५ को नियम २२ को उपनियम १० सँग सम्बन्धित थप विवरण :

१) कानुनी कारवाही सम्बन्धी विवरण :

देहाय अनुसारको मुद्दा दायर भएको भए, मुद्दा दायर भएको मिति, विषय, मुद्दा दायर भएको संस्थापक वा सञ्चालकको नाम र सम्भाव्य कानुनी उपचार सम्बन्धी विवरण समावेश गर्नु पर्ने ।

क) त्रैमासिक अवधिमा संगठित संस्थाले वा संस्थाको विरुद्ध कुनै मुद्दा दायर भएको भए :
त्रैमासिक अवधिमा यस संस्थाले वा यस संस्था विरुद्ध कुनै मुद्दा भएको छैन ।

ख) संगठित संस्थाको संस्थापक वा सञ्चालकले वा संस्थापक वा सञ्चालक विरुद्धमा प्रचलित नियमको अवज्ञा वा फैजदारी अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर गरेको वा भएको भए :
यस संस्थाको संस्थापक वा सञ्चालकले वा संस्थापक वा सञ्चालकको विरुद्धमा प्रचलित नियमको अवज्ञा वा फैजदारी अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर भएको जानकारी भएको छैन ।

ग) कुनै संस्थापक वा सञ्चालक विरुद्ध आर्थिक अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर भएको भए :
कुनै संस्थापक वा सञ्चालक विरुद्ध आर्थिक अपराध गरेको सम्बन्धमा मुद्दा दायर भएको जानकारी भएको छैन ।

२) संगठित संस्थाको शेयर कारोवार तथा प्रगति विश्लेषण :

क) धितोपत्र बजारमा भएको संगठित संस्थाको शेयरको कारोवार सम्बन्धमा व्यवस्थापनको धारणा :
देशको आर्थिक अवस्थाको कारण शेयरबजारको कारोवार विगत केही समयदेखि घट्दै गएको भएतापनि आर्थिक वर्षको तेस्रो त्रयमासको अन्त्यतिर सुधारोन्मुख देखिन्छ । धितोपत्रमा बजारमा देखिएको शिथिलताले यस कम्पनीको शयेर कारोवारमा पनि सामान्य प्रभाव पारेतापनि बैंकले लगातार वितरण गर्दै आईरहेको लाभांशको कारण यस बैंकप्रति शेयर लगानी कर्ताहरुको उत्साह बढेकोले शेयरको बजार मूल्य वृद्धि हुने विश्वास गरिएको छ ।

ख) गत वर्षको प्रत्येक त्रैमासिक अवधिको शेयरको अधिकतम, न्यूनतम र अन्तिम मूल्यको साथै कुल कारोवार शेयर संख्या र कारोवार दिन :
यस बैंकको आर्थिक वर्ष २०६८/०६९ को त्रैमासिक अवधिमा भएको शेयर कारोवार निम्न अनुसार प्रस्तुत गरिएको छ ।

विवरण	प्रथम त्रैमासिक	दोश्रो त्रैमासिक	तेश्रो त्रैमासिक	चौथो त्रैमासिक
शेयरको अधिकतम मूल्य रु.	३३५	१११	१०८	१३६
शेयरको न्यूनतम मूल्य रु.	१०६	९५	९५	१०५
शेयरको अन्तिम मूल्य रु.	१०९	९५	१०६	१०८
कुल कारोबार भएको संख्या	५,०८९	६,८११	१,४५४	९८८
कुल कारोबार भएको दिन	३८	५६	५६	५७

ग) समस्या तथा चुनौति :
बढ्दो प्रतिस्पर्धा, लगानीमा उत्पादनशील क्षेत्रको अभाव तथा प्रयाप्त तरलताको कारण कर्जा लगानीमा चुनौति थपेको छ । राजनैतिक अस्थिरता, बारम्बार हुने बन्द तथा हड्ताल जस्ता व्यवसायलाई प्रतिकुल असर पार्ने क्रियाकलापहरुको कारणले लगानीको उपयुक्त अवसरमा कमी देखिएको छ । ग्राहकमूखी सेवाको व्यवस्था गर्न दक्ष जनशक्तिमा आवश्यक लागत लगाउने तथा आफ्नो भावी कार्यक्रमहरुलाई प्रभावकारी रुपमा कार्यान्वयन गराउने र ग्रामीण क्षेत्रहरुमा आफ्नो सञ्जाल विस्तार गर्ने रणनीति संस्थाले लिएकोछ ।

घ) संस्थागत सुशासन :
संस्थागत सुशासनको लागि सञ्चालक समिति लेखापरीक्षण समिति, जोखिम व्यवस्थापनले समिति तथा व्यवस्थापन समूहले संस्थाको व्यवसायिक योजना तथा भावी कार्यक्रमका लागि छलफल गर्ने नीति लिई सोही बमोजिम कार्य अगाडि बढाइरहेकोछ । नेपाल राष्ट्र बैंकबाट जारी गरिएका निर्देशन तथा बैंकको आन्तरिक नीति नियमहरुलाई कडाईका साथ पालना गर्ने गराउने नीति बैंकले लिएको छ। सञ्चालन जोखिम कम गर्न तथा कामलाई व्यवस्थित गर्न विभिन्न आन्तरिक नीति, नियम तथा निर्देशिकाहरुको तर्जुमा गरी लागू गरिएको छ ।

सुजन काफ्ले एण्ड एसोसिएट्स
Sujan Kafle & Associates
Chartered Accountants

GPO Box: 20357
Daisy Bas, New Plaza, Putalisadak
Tel: 01-4440283, 4442603, Fax: 442268
E-mail: sujan.kafle@hotmail.com

कामना विकास बैंक लिमिटेड
लेखनाथ कास्कीका
शेयरधनी महानुभावहरु समक्ष
लेखापरीक्षकको प्रतिवेदन

शेयरधनी महानुभावहरु,

१. हामीले कामना विकास बैंक लिमिटेड लेखनाथ कास्कीको यसै साथ संलग्न २०६९ साल आषाढ ३१ गतेको वासलात तथा सोही मितिमा समाप्त आर्थिक वर्षको नाफा नोक्सान हिसाव , नगद प्रवाह विवरण र इक्वीटीमा भएको परीवर्तनको लेखापरीक्षण गरी देहाय वमोजिम प्रतिवेदन पेश गरेका छौं । वित्तीय विवरणहरु प्रतिको उत्तरदायित्व व्यवस्थापनमा रहेको छ । व्यवस्थापनले तयार गरेका ती वित्तीय विवरणहरु उपर लेखापरीक्षणको आधारमा आफ्नो मन्तव्य जारी गर्नु हाम्रो उत्तरदायित्व हो ।

२. हामीले लेखापरीक्षण गर्दा लेखाको सर्वमान्य सिद्धान्त, नेपाल लेखामान र नेपाल राष्ट्र वैकले जारी गरेको निर्देशनहरुको आधारमा सम्पन्न गरेका छौं । वित्तीय विवरणमा उल्लेखित रकम र खुलाइएका अन्य विवरणलाई पुष्ट्यांई गर्न प्रमाणको छड्के परिक्षण समेत लेखापरिक्षणमा समावेश हुन्छ । कम्पनीले अवलम्वन गरेको लेखा सिद्धान्त, व्यवस्थापनले गरेको महत्वपूर्ण अनुमान एवं वित्तिय विवरण प्रस्तुतीको समग्र स्थितिको मुल्यांकन पनि लेखापरिक्षणमा समावेश हुन्छ । लेखापरिक्षणले हाम्रो मन्तव्यलाई पर्याप्त आधार प्रदान गर्ने कुरामा हामी विश्वस्त छौं ।

३. उपरोक्त अनुसार वित्तीय विवरणहरुको परिक्षण गरी देहाय वमोजिम प्रतिवेदन पेश गर्दछौं:

क) हामीले लेखापरीक्षणको सिलसिलामा आवस्यक ठानेका सुचना एवं स्पष्टिकरणको साथै माग गरेका विवरणहरु यथाशिघ्र तथा सन्तोषजनक रुपमा प्राप्त गर्यौं । साथै हामिले माग गरेका शाखाहरुको विवरण यद्यपी स्वतन्त्ररुपमा लेखारीक्षण नगरीएको भएतापनि लेखापरीक्षणको लागी पर्याप्त रहेको पायौ ।

ख) कम्पनीको हिसाव किताव तथा श्रेस्ता प्रचलित कानून वमोजिम ठीक संग राखिएका छन् ।

ग) संलग्न वासलात, नाफा नोक्सान हिसाव तथा नगद प्रवाह विवरण कम्पनी ऐन २०६३, नेपाल लेखामान तथा नेपाल राष्ट्र वैकवाट तोकिएको ढांचामा तयार भएका र यी विवरणहरु कम्पनीको लेखासंग ठीक दुरुस्त छन् ।

४. हाम्रो विचारमा हामीलाई उपलव्ध गराएको स्पष्टिकरणको तथा हामीले प्राप्त गरेको सुचनाको आधारमा कम्पनीको संलग्न आर्थिक विवरण तथा सोही साथ संलग्न गरिएको लेखासंग सम्वन्धित टिप्पणीका साथै अध्ययन गर्दा :

अ. संलग्न वासलातले कम्पनीको २०६९ साल आषाढ ३१ को आर्थिक अवस्था तथा
आ. नाफा नोक्सान हिसाव तथा नगद प्रवाह विवरणले उल्लेखित मितिमा समाप्त आर्थिक वर्षको कमश: नाफा तथा नगद प्रवाहको उचित एवं यथार्थ चित्रण गर्दछ ।

५. हाम्रो विचारमा हामीलाई उपलव्ध गराएको स्पष्टिकरण तथा हामीले प्राप्त गरेको सुचना तथा हामीले गरेको हिसाव किताबको परीक्षणवाट कम्पनीको संचालक समिति, कुनै संचालक वा कर्मचारीले,
अ. लेखासंग सम्वन्धित कानूनी व्यवस्था विपरित कामकाज गरेको वा कम्पनीको वेहिसाव गरेको वा कम्पनीको हानी नोक्सानी गरेको वा,
आ. नेपाल राष्ट्र वैंकको निर्देशन विपरित कामकाज गरेको वा कम्पनी वा निक्षेपकर्ताहरुको हित र संरक्षण विपरित हुने गरि काम गरेको हाम्रो जानकारीमा आएन ।

६. हाम्रो विचारमा तथा हामीले गरेको हिसाव किताबको परीक्षणवाट
अ. कम्पनीले जोखिम वेहार्ने कोषको निमित्त यथेष्ठ व्यवस्था गरेको छ, तथा
आ. कम्पनीले गरेको कारोवार कम्पनीको अख्तियारी भित्र रहेको देखिन्छ ।

७. हाम्रो विचारमा संलग्न वासलात, नाफा नोक्सान हिसाव तथा नगद प्रवाह विवरणले क्रमश: २०६९ आषाढ मसान्तको यथार्थ अवस्था, सोही मितीमा समाप्त आर्थीक वर्षको आर्थीक परीणाम तथा नगद प्रवाहको उचित एवं यथार्थ चित्रण गर्दछ । साथै यस वित्तीय विवरणले नेपाल लेखामान (प्रचलित कानूनले व्यवस्था गरे वाहेक), कम्पनी ऐन २०६३, बैक तथा वित्तीय संस्था ऐन २०६३, तथा नेपाल राष्ट्र वैंकको निर्देशन को पालना भएको छ ।

मिति: २०६९।६।३
स्थान: काठमाण्डौं ।

.....
सिए.सुजनकुमार काफ्ले
नि.सुजनकाफ्ले एण्ड एशोशिएटस्
चार्टर्ड एकाउन्टेन्टस्

२०६९ साल आषाढ मसान्तको
वासलात

पूँजी तथा दायित्व	अनूसुची	चालु आ.व. रु.	गत आ.व. रु.
१. शेयर पूँजी	४.१	२००,०००,०००।००	२००,०००,०००।००
२. जगेडा तथा कोषहरु	४.२	२१,२४५,०६४।९८	१५,३७३,५२८।६७
३. ऋणपत्र तथा बन्ड	४.३	-	-
४. तिर्न बांकी कर्जा सापट	४.४	-	१०,०००,०००।००
५. निक्षेप दायित्व	४.५	१,४८२,८६४,४८०।७९	१,२५१,१७५,७६५।९०
६. भुक्तानी दिनुपर्ने बिलहरु	४.६	४२०,४३०।००	२११,५७६।०१
७. प्रस्तावित लाभाश		२८,५००,०००।००	२८,५००,०००।००
८. आयकर दायित्व		-	
९. अन्य दायित्व	४.७	२३,६७९,५९९।६८	२०,९०५,७४९।६३
कुल दायित्व		**१,७५६,७०९,५७५।४५**	**१,५२६,१६६,६२०।२१**

सम्पत्ति	अनूसुची	चालु आ.व. रु.	गत आ.व. रु.
१. नगद मौज्दात	४.८	२८,७८६,१३५।०८	१६,३८८,८८८।२५
२. नेपाल राष्ट्र बैंकमा रहेको मौज्दात	४.९	८०,१४६,६६६।७८	७१,५१८,३८८।०८
३. बैंक/वित्तीय संस्थामा रहेको मौज्दात	४.१०	३,८४३,३५६।२४	३,०१७,५००।१८
४. माग तथा अल्प सूचनामा प्राप्त हुने रकम	४.११	४२४,१४१,६७१।६४	३५३,४३६,४९७।९५
५. लगानी	४.१२	३१,०००,०००।००	३१,०००,०००।००
६. कर्जा सापट तथा विल खरीद	४.१३	१,१४५,२६१,३४३।९१	१,००८,०५८,५१९।०९
७. स्थिर सम्पत्ति	४.१४	३३,८५३,७७०।७४	३२,६३९,१८२।६०
८. गैर बैकिङ्ग सम्पत्ति	४.१५	-	-
९. अन्य सम्पत्ति	४.१६	९,६७६,६३१।०६	१०,१०७,६४४।०६
कुल सम्पत्ति		**१,७५६,७०९,५७५।४५**	**१,५२६,१६६,६२०।२१**
सम्भावित दायित्व	अनूसुची	४.१७	
सञ्चालकहरुको घोषणा	अनूसुची	४.२९	
पूँजीकोष तालिका	अनूसुची	४.३०	
जोखिम भारित सम्पत्ति विवरण तालिका	अनूसुची	४.३० (क)	
प्रमुख सुचकाङ्कहरु	अनूसुची	४.३१	
प्रमुख लेखा नीतिहरु	अनूसुची	४.३२	
लेखा सम्बन्धी टिप्पणीहरु	अनूसुची	४.३३	
संस्थापक शेयरधनीको शेयर धितो राखी लिएको कर्जा	अनूसुची	४.३४	
लेखा परीक्षण नभएको त्रैमासिक वित्तीय विवरण	अनूसुची	४.३५	
लेखा परीक्षण नभएको र भएको वित्तीय विवरणको तुलना	अनूसुची	४.अ	

४.१ देखि ४.१७ तथा ४.३२ र ४.३३ सम्मका अनूसुचीहरु वासलातका अभिन्न अंग हुन् ।

यसै मितिको हाम्रो संलग्न प्रतिवेदनको आधारमा,

.....	.....	.....	.....
विष्णु प्रसाद गौतम	उमेश कुमार आचार्य	चतुराखर अधिकारी	सिए. सुजन कुमार काफ्ले एफ.सि.ए.
प्रमुख लेखा	प्रमुख कार्यकारी अधिकृत	अध्यक्ष	नि. सुजन काफ्ले एण्ड एशोशिएटस्
			चार्टर्ड एकाउन्टेन्टस्
			मिति : २०६९।०६।०३
.....	.....	.....	
खेमनाथ भट्टराई	एकराज जमरकट्टेल	रिब बहदुर थापा	
संचालक	संचालक	संचालक	
.....	.....	.....	.....
देवकृष्ण काफ्ले	रामकाजी श्रेष्ठ	देवान गुरुङ	रामकुमार पिया
संचालक	संचालक	संचालक	संचालक

मिति : २०६९।०६।०३

नाफा नोक्सान हिसाव

मिति २०६८ श्रावण १ देखि २०६९ आषाढ मसान्तसम्म

विवरण	अनूसुची	चालु आ.व.रु.	गत आ.व.रु.
१. व्याज आम्दानी	४.१८	२०८,७३५,०४४।७८	१६७,६५९,५८२।८५
२. व्याज खर्च	४.१९	१३१,०५४,९५७।७४	१०४,२०९,१४४।०२
खुद व्याज आम्दानी		७७,६८०,०८७।०४	६३,४५०,४३८।८३
३. कमिशन तथा डिस्काउण्ट	४.२०	२,४२८,९२१।३७	१,६७२,६८२।६७
४. अन्य सञ्चालन आम्दानी	४.२१	११,५०५,२०६।०४	१२,३४८,२१०।३३
५. सटही घटबढ आम्दानी	४.२२	५६७।८७	५,४७१।८९
कुल सञ्चालन आम्दानी		९१,६१४,७८२।३२	७७,४७६,८०३।७२
६. कर्मचारी खर्च	४.२३	१२,९८७,७६६।६९	१०,९८६,१२०।००
७. अन्य सञ्चालन खर्च	४.२४	२२,२४६,०८८।४८	१७,७०१,५३२।८४
८. सटही घटबढ नोक्सानी	४.२२	-	-
सम्भावित नोक्सानी व्यवस्था अघिको सञ्चालन मुनाफा		५६,३८०,९२७।१५	४८,७८९,१५०।८८
९. सम्भावित नोक्सानी व्यवस्थाहरु	४.२५	४,४४७,७७०।४९	५,१०४,७१३।६७
सञ्चालन मुनाफा		५१,९३३,१५६।६६	४३,६८४,४३७।२१
१०. गैर सञ्चालन आम्दानी/नोक्सान	४.२६	७३,३४१।३१	७९३।१६
११. सम्भावित नोक्सानी व्यवस्थाबाट फिर्ता	४.२७	३,३३०,७७०।७०	-
नियमित कारोवारबाट भएको मुनाफा		५५,३३७,२६८।६७	४३,६८५,२३०।३७
१२. असामान्य कारोवारहरुबाट भएको मुनाफा /खर्च	४.२८	-	-
सम्पूर्ण कारोवार समावेश पछिको खुद मुनाफा		५५,३३७,२६८।६७	४३,६८५,२३०।३७
१३. कर्मचारी बोनस व्यवस्था		५,०३०,६६०।७९	३,९७१,३८४।५८
१४. आयकर व्यवस्था			
▪ यस वर्षको		१५,१९५,४८५।५६	११,५२६,४०६।५४
▪ गत वर्षसम्मको			
▪ यस वर्षको स्थगन कर (आम्दानी)/खर्च		(७६०,४१३।९९)	३५८,०८२।००
खुद नाफा/नोक्सान		३५,८७१,५३६।३२	२७,८२९,३५७।२५

४.१८ देखि ४.२८ सम्मका अनूसुचीहरु नाफा नोक्सान हिसावका अभिन्न अंग हुन् ।

यसै मितिको हाम्रो संलग्न प्रतिवेदनको आधारमा,

.....	.....	.....	.....
विष्णु प्रसाद गौतम	उमेश कुमार आचार्य	चतुराखर अधिकारी	सिए. सुजन कुमार काफ्ले एफ.सि.ए.
